मिति २०७६/०८/२९ वैठक संख्याः ४२

आज मिति २०७६/०८/२९ गतेका दिन बिहान ८.०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

उपस्थितीः

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थितीः

१) श्री गोविन्द प्रसाद पौडेल

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ४२

मितिः २०७६।०८।२९

प्रस्तावह

१) समीक्षा, ................

२) प्राकृतिक स्रोत उत्खनन् र स्टक सम्बन्धमा ।

३) जिल्ला सभा निर्णय छलफल सम्बन्धमा

४) प्रथम चौमासिक समीक्षा सम्बन्धमा

५) पर्यटन भ्रमण वर्ष शुभारम्भ कार्यक्रम सम्बन्धमा

६) पाँचौ गाउँ सभा सम्बन्धमा

७) एक वडा एक नमुना गाउँ तोक्ने सम्बन्धमा

८) सडक निर्माण मापदण्ड तयार गर्ने सम्बन्धमा

तपसिल

१) समीक्षा,

२) प्राकृतिक स्रोत उत्खनन् तथा व्यवस्थापन निर्देशिका तयार नहुँदा सम्मको लागी वडा सिफारिस, सर्जमिन मुचुल्का, फिल्ड स्टिमेटको आधारमा माटो उत्खनन् प्रति घ.मी. रु. ७०। (सत्तरी) लिई अनुमती दिने । अघिल्लो आ.व.मा उत्खनन् भएको र स्टक राखिएको नदीजन्य पदार्थ यस आ.व.मा नयाँ उत्खनन् शुरु हुँदा सम्म पनि स्टक रहेमा प्रति घ.मी.रु.१। ( एक) शुल्क लिई स्टक प्रमाणित गरिदिने, स्टक प्रमाणित नगराएमा सामान गाउँपालिकाले जफत गर्ने र स्टकबाट सामान निकासीको रेकर्ड गाउँपालिकामा पेश गर्न लगाउने निर्णय गरियो ।

३) जिल्ला सभाको मितिः ४।२४ र ४।२८ को निर्णयमा छलफल गरियो र गाउँपालिकाको श्रोत साधन अनुसार क्रमशः कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो र विकास निर्माणका योजनाहरुमा ३% कन्टीजेन्सी रकम छुट्याउने निर्णय गरियो ।

४) आ.व. २०७६।७७ प्रथम चौमासिक समीक्षा सम्पन्न भएको जानकारी भयो ।

५) जन प्रतिनिधि र कर्मचारीहरुले देवघाट गाउँपालिकाको पर्यटन सर्किट भ्रमण गरेर पर्यटन भ्रमण वर्ष शुभारम्भ कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

६) पाँचौ गाउँ सभा मितिः २०७६।०९।२७ गते गर्ने निर्णय गरियो ।

७) तपसिल अनुसारका स्थानहरुलाई एक वडा एक नमुना गाउँको रुपमा तोक्ने निर्णय गरियो

तपसिल

वडा नं. १ - वर्षा खोला

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

वडा नं. २ - करादीप

वडा नं. ३ - लुङग्रीन

वडा नं. ४ - आमडाँडा

वडा नं. ५ - वसन्तपुर

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत